# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल

प.सं.२०७९/८०
च.नं. २६९६

मितिः-२०८०/०२/१९

विषयः- मार्गदर्शन तथा बजेट सिलिङ्ग पठाइएको सम्बन्धमा ।

श्री वडा कार्यालय (सबै),
केरावारी गाउँपालिका, मोरङ्ग ।

प्रस्तुत विषयमायस केराबारी गाउँपालिकाश्रोत अनुमान समितिको मिति २०८०/०२/१८ गतेको वैठकले निर्धारण गरेवमोजिम आगामी आ.व. २०८०/८१ को बजेट तथा कार्यक्रम पेश गर्न योजना/कार्यक्रम (पूजीगत र चालू) साथै कार्यालय सञ्चालन र व्यवस्थापनका लागि न्युनतम (२५,००,०००।- अक्षरेपी पच्चिस लाख) सवै वडालाई वरावर र रु. तिन करोडलाई निस्चित सूचकांक वमोजिम छुट्याउँदा आउने रकम वडा सिलिङ र साथमा मार्गदर्शन पठाईएको छ । तोकिएको निर्देशन तथा ढाँचामा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४ वमोजिम वस्ती स्तरवाट योजना छनौट गरी प्राथमिकिकरणमा परेका योजना तथा कार्यक्रमहरु मिति २०८० जेष्ठ २६ गतेभित्रमा यस कार्यालयको योजना शाखामा e-copy सहित उपलब्ध गराउनुहुन अनुरोध छ । वडालाई पठाईएको शिलिङवाट प्रत्येक वडाले सुरुमा कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि अधिकतम रु.३,६०,०००।-(अक्षरेपी रु तीन लाख साठ्ठी हजार) छुट्याएर मात्र वाकी रकमलाई प्रतिशतका आधारमा अन्य योजना/कार्यक्रम निर्धारण गर्नुपर्नेछ र कार्यालय सञ्चालन तथा व्यवस्थापनका लागि विनियोजन हुने वजेटलाई एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या, २०७४ (संशोधन सहित) अनुसार खर्च शीर्षक सहित वर्गिकरण गरेर पठाउनुपर्नेछ ।

**योजना/कार्यक्रम छनौटका आधारहरु (पुंजीगत बजेट तथा कार्यक्रम)**

१. **पुर्वाधार विकास तर्फ** : पुर्वाधार विकास तर्फ प्राप्त वडा सिलिङ रकमको ५० प्रतिशत विनियोजन गर्नुपर्नेछ । जसमा पुनर्निर्माण, विज्ञान तथा प्रविधि, उर्जा (वैकल्पिक उर्जा समेत), भवन तथा शहरी विकास, सूचना तथा सन्चार प्रविधि, सम्पदा पूर्वाधार, यातायात पूर्वाधार, झोलुङगे पुल आदि पर्दछन ।
   - पुर्वाधारको मर्मत सम्भारका लागि आवश्यक रकम विनियोजन गर्नुपर्नेछ । ममर्त सम्भारमा थप दायित्व सृजना हुनेछैन ।
   - २ लाख भन्दा साना २ वटा भन्दा वढी पुर्वाधार योजना समावेश गर्न पाईने छैन र सानातिना मर्मतसंवन्धी योजना राख्न परेमा एकमुष्ठ मर्मत संवन्धी योजना तयार पार्नुनपर्नेछ ।
   - जग्गा सुनिस्चित नहुने अवस्थामा भवनजन्य पूर्वाधारका लागि वजेट विनियोजन गर्न पाईने छैन ।

ई-मेल: kerabariruralmun@gmail.com, वेभसाइट:www.kerabarimun.gov.np, फोननं. ०२१-४०३११०

१/५

प्रमुख प्रशासकीय अधिकृत

प.सं.२०७९/८०
च.नं. 2696

२. **सामाजिक विकास तर्फ** : सामाजिक विकास तर्फ प्राप्त वडा सिलिङ रकमको २० प्रतिशत विनियोजन गर्नुपर्नेछ । सामाजिक विकास तर्फ विनियोजन हुने वजेटको ५० प्रतिशत शिक्षा र स्वास्थ्यका पुर्वाधार निर्माण तथा मर्मत सम्भार र बाँकी ५० प्रतिशत अन्य खानेपानि तथा सरसफाई, लैगिक समानता तथा सामाजिक समावेशीकरण, भाषा तथा संस्कृति, युवा तथा खेलकुद, सामाजिक सुरक्षा तथा संरक्षण, जनसंख्या तथा बसाइसराई आदीमा छुट्याउनु पर्नेछ ।

- लक्षित वर्गको सशक्तिकरण तथा स्वास्थ्य तर्फ माहामारी नियन्त्रणका लागि प्राथामिकता दिनुपर्नेछ ।
- शिक्षा तर्फ विद्यालय पुर्वाधार बाहेक शिक्षक तथा कर्मचारीको तलब भत्ता शिर्षकमा वडा खर्च गर्न पाइनेछैन ।
- सामाजिक विकास क्षेत्रमा कार्यक्रम छनोट गर्दा एक लाख भन्दा कमका दुइभन्दा वढी कार्यक्रम समावेश गर्न पाइने छैन ।
- सिप विकास तालिमका लागि वजेट विनियोजन गर्दा विगतमा आधारभुत तालिम लिएकाहरुलाई स्केल अप तालिम (एडभान्स तालिम) दिने कुरालाई प्राथमिकता दिनु पर्नेछ।

३. **आर्थिक विकास तर्फ** : आर्थिक विकास तर्फ प्राप्त वडा सिलिङ रकमको २० प्रतिशत विनियोजन गर्नुपर्नेछ । जसमा कृषि, जलस्रोत तथा सिँचाई, पशु सेवा, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी, वित्तिय क्षेत्र, बन, भूमी व्यवस्था आदी पर्दछन् ।

- आर्थिक विकास तर्फका योजना/ कार्यक्रम छनोट गर्दाव्यवसायिक कृषि, पशुपालन, कृषि सिँचाई, रोजगारी सृजना गर्ने खालका योजना तथा कार्यक्रमलाई जोड दिनुपर्नेछ ।
- आर्थिक विकास क्षेत्रमा योजना/ कार्यक्रम छनोट गर्दा एक लाख भन्दा कमका दुइभन्दा वढी कार्यक्रम समावेश गर्न पाइने छैन ।
- आर्थिक विकासमा छुट्याएको वजेटवाट सडक निर्माणमा विनियोजन गर्न पाइने छैन।

४. **सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र** : सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्र तर्फ कुल बजेट रकमको १० प्रतिशत विनियोजन गर्नुपर्नेछ । सुशासन तथा अन्तर्सम्बन्धित क्षेत्रमा विनियोजन हुने वजेटको ५० प्रतिशत वातावरण तथा विपद व्यवस्थापनमा विनियोजन गरी सो अन्तरगत बृक्षारोपण, पहिरो नियन्त्रण, मुहान संरक्षण, जलवायु परिवर्तन जस्ता क्षेत्रमा छुट्याउनु पर्नेछ र बाँकी ५० प्रतिशत गरिबी निवारण, मानव संशाधन विकास, योजना तर्जुमा, कार्यान्वयन साथै सार्वजनिक परिक्षण/सुनुवाई, श्रम तथा रोजगारी, टोलविकास संस्थाको परिचालन, जनचेतनामुलक कार्यक्रम आदिमा छुट्याउनु पर्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल


प.सं.२०७९/८०
च.नं. २६९६

**योजना छनौटका प्राथमिकताका आधारहरु:**

१. पूर्वाधार मर्मत सम्भार शिर्षकमा आवश्यकता अनुसार बजेट विनियोजन भएको हुनुपर्नेछ ।

२. वडाका क्रमागत योजनाहरुलाई प्राथमिकता दिने ।

३. गरिबी निवारण रोजगारी सृजना र आय बृद्धिमा प्रत्यक्ष योगदान दिने ।

४. आन्तरिक राजश्वमा वृद्धि र परिचालनमा योगदान पुर्याउने ।

५. कृषि पूर्वाधार तथा कृषि प्रणालीको प्रवर्द्धन गर्ने ।

६. स्थानीय श्रोत साधन, श्रम सिप र प्रविधिको अधिकतम प्रयोग गर्ने ।

७. जनसहभागिता अभिवृद्धि गर्ने ।

९. दिगो विकास वातावरण संरक्षण, विपत व्यवस्थापनमा योगदान पुर्याउने ।

१०. सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुर्याउने ।

११. पूर्वाधार क्षेत्रको दिगो व्यवस्थापन गर्ने ।

१२. दुई वडालाई फाइदा पुग्ने ।

**आयोजना छनौटको लागि मार्गदर्शन :**

१. पूर्वाधार विकासमा कमसेकम रु २ लाख भन्दा बढी रकमको योजनालाई मात्र छनौट गर्नुपर्नेछ ।

२. पूर्वाधार विकासमा छनौट भएका योजना मध्ये कमसेकम एउटा योजना रु १० लाख सम्मको छनौट भएको हुनुपर्नेछ । प्रत्येक वडामा जनसहभागिता जुट्ने समपुरक कोषबाट कार्यक्रम गर्न एउटा योजना छनौट गर्नुपर्नेछ ।

३. सामाजिक क्षेत्रको योजना छनौट गर्दा सीपमुलक,आयआर्जनमुलक, चेतनामुलक, लैंगिक समावेशीकरण लगायत तोकिएको क्षेत्रमा मात्र छनौट गरिनु पर्नेछ । छनौट भएका योजनाको चालू वा पूँजीगत प्रकृति स्पष्ट हुनेगरी परिभाषित हुनुपर्नेछ ।

४. आर्थिक विकासको कृषि, पशुपालन, पर्यटनमा योजना छनौट गर्दा व्यक्तिगत अनुदान नभई संस्थागत कृषक समूह, सहकारीलाई आधार बनाई कार्यक्रम तर्जुमा गर्न सकिनेछ, यसरि योजना छनोट गर्दा कम्तिमा २५ प्रतिशत लागत सहभागिता सुनिस्चित हुनेगरि गर्नुपर्नेछ ।

५. आथिक विकासमा संभावित क्षेत्रहरु पहिचान गरी क्रमागत रुपमा लगानीलाई सुनिश्चित हुने गरी आगामी आवका लागि योजना निर्माण गरी संघ तथा प्रदेशमा समेत मागका लागि पठाउन सकिने छ ।

प्रमुख प्रशासकीय अधिकृत


ई-मेल: kerabariruralmun@gmail.com, वेभसाइट:www.kerabarimun.gov.np, फोननं. ०२१-४०३११०

# केराबारी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
केराबारी, मोरङ
कोशी प्रदेश, नेपाल


प.सं.२०७९/८०
च.नं. २६९६

६. सुशासन तथा अन्तरसंवन्धित क्षेत्रमा योजना छनोट गर्दा:

क) विपद व्यवस्थापन पूर्व तयारी प्रतिकार्यका लागि बजेट व्यवस्थापन गरिनु पर्नेछ ।

ख) वातावरण संरक्षण, भु-संरक्षण जलवायु अनुकुलतालाई ध्यान दिनुपर्नेछ ।

ग) प्रकोप तथा महामारी नियन्त्रण तथा रोकथाममा ध्यान दिनुपर्नेछ ।

घ) सूचना प्रविधि पंजिकरण व्यवस्थापन प्रभावकारी सेवा प्रवाहलाई जोड दिनुपर्नेछ ।

ङ. सुशासन, वडाले गर्ने सार्वजनिक सुनुवाई/परिक्षण, राजश्व संवन्धि कार्यक्रम, टोल विकास समिति परिचालन जस्ता कार्यक्रम गर्नुपर्नेछ।

८) वडा सिलिङ बजेट अर्को वडाका कुनैपनि क्षेत्रमा लगानी गर्न पाइने छैन ।

९) वडा कार्यालय अन्तर्गत रहेका सम्पत्तीको मर्मत सम्भार तथा अन्य खर्च वडालाई छुट्याइएको बजेटवाटै गर्नुपर्नेछ ।

नोट: वडावाट योजना तथा कार्यक्रम पठाउँदा वार्षिक कार्ययोजना समेत पठाउनुपर्नेछ ।

.............................
विनोद भट्टराई
प्रमुख प्रशासकीय अधिकृत


ई-मेल: kerabariruralmun@gmail.com, वेभसाइट:www.kerabarimun.gov.np, फोननं. ०२१-४०३११०

केराबारी गाउँपालिका

## वडागत बजेट वितरण

| वडा | जनसंख्या | क्षेत्रफल (वर्ग कि.मी.) | न्युनतम बजेट हजारमा | सुत्रमा आधारित | | | | | | | | | | | | | | | | जम्मा (हजारमा) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | जनसंख्या (अंक ४५ ) | | | | | क्षेत्रफल वर्ग कि.मी. (अंक ३५) | | | पुर्वाधारको अवस्था (अंक २०) | | | | प्राप्त अंक | प्राप्त प्रतिशत | वडागत बजेट वितरण भार | बजेट रु हजारमा | |
| | | | | <१८०० (४१) | १८०० < ३००० (४२) | ३००० < ४२०० (४३) | ४२०० <५४०० (४४) | ५४०० < (४५) | <१२ (३३) | १२ < २४ (३४) | २४ < (३५) | राम्रो (अंक १७) | समान्य (अंक १८) | न्युन(अंक १९) | अति न्यून (अंक २०) | | | | | |
| १ | १९९४ | २७ | २५०० | | ४२ | | | | | | ३५ | | | | २० | ९७ | १०.११ | १० | ३०३४ | ५५३४ |
| २ | २१९२ | ३२ | २५०० | | ४२ | | | | | | ३५ | | | | २० | ९७ | १०.११ | १० | ३०३४ | ५५३४ |
| ३ | ३३९० | ३४ | २५०० | | | ४३ | | | | | ३५ | | | १९ | | ९७ | १०.११ | १० | ३०३४ | ५५३४ |
| ४ | १६८२ | २७ | २५०० | ४१ | | | | | | | ३५ | | | | २० | ९६ | १०.०१ | १० | ३००३ | ५५०३ |
| ५ | ३८९२ | २० | २५०० | | | ४३ | | | | ३४ | | | | १९ | | ९६ | १०.०१ | १० | ३००३ | ५५०३ |
| ६ | ३९९१ | २९ | २५०० | | | ४३ | | | | | ३५ | | १८ | | | ९६ | १०.०१ | १० | ३००३ | ५५०३ |
| ७ | ४१६९ | ९ | २५०० | | | ४३ | | | ३३ | | | | १८ | | | ९४ | ९.८० | १० | २९४१ | ५४४१ |
| ८ | ४०८८ | २५ | २५०० | | | ४३ | | | | | ३५ | १७ | | | | ९५ | ९.९१ | १० | २९७२ | ५४७२ |
| ९ | ५५६४ | १५ | २५०० | | | | | ४५ | | ३४ | | | | १९ | | ९८ | १०.२२ | १० | ३०६६ | ५५६६ |
| १० | ३५४२ | ३ | २५०० | | | ४३ | | | ३३ | | | १७ | | | | ९३ | ९.७० | १० | २९०९ | ५४०९ |
| जम्मा | ३४५०४ | २२१ | २५००० | | | | | | | | | | | | | ९५९ | १००.०० | १०० | ३०००० | ५५००० |

प्रमुख प्रशासकीय अधिकृत